नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौँ, बैशाख ३१ गते, २०६६ साल (अतिरिक्ताङ्क ५

भाग ५

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना

नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ३५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निजामती कर्मचारीहरुलाई देहायको शर्त तथा सुविधाको आधारमा स्वेच्छिक अवकाशको अवसर प्रदान गर्ने निर्णय गरेकोले इच्छुक कर्मचारीहरुले संवत् २०६६ साल जेष्ठ मसान्तभित्र सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा स्वेच्छिक अवकाशको लागि निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ । स्वेच्छिक अवकाशको शर्त र सुविधा देहाय बमोजिम रहेको छ ।

शर्त तथा सुविधा

(१) निजामती सेवा ऐन, २०४९ को दफा ३५ को उपदफा (१) बमोजिम निवेदन दिने अन्तिम मिति संवत् २०६६ जेष्ठ मसान्तसम्म सेवा अवधि २० वर्ष र उमेरको हद पचास वर्ष पुरा हुने निजामती कर्मचारीहरुले यो स्वेच्छिक अवकाशका लागि निवेदन दिन सक्नेछन् । त्यसरी दिईने निवेदनको साथमा सेवा अवधि २० वर्ष पुगेको र उमेर पचास वर्ष पुगेको प्रमाण संलग्न गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निवृत्तभरणको अवधि २० वर्ष र उमेरको हद पचास वर्ष पूरा भएका कर्मचारीहरुले स्वेच्छिक अवकाश लिंदा निजामती सेवा ऐन, २०४९ को दफा ३५ को उपदफा (२) बमोजिम एक श्रेणी माथिको पदमा उक्त ऐनको दफा २०क. बमोजिम बढुवा पाउने भएमा एक श्रेणी माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिइनेछ ।

(३) स्वेच्छिक अवकाश लिने कर्मचारी मध्ये संवत् २०४९ साल कार्तिक २१ गते भन्दा अघि निजामती सेवामा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र सो मिति र सो भन्दा पछि निजामती सेवामा प्रवेश गर्नेका हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणका लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

(४) खण्ड (२) र (३) मा उल्लिखित सुविधाको अतिरिक्त यस सूचना बमोजिम स्वेच्छिक अवकाश लिने कर्मचारीहरुलाई निजले सात वर्षको नियमानुसार पाउने निवृत्तभरण रकम एकमुष्ठ अग्रिम रुपमा प्रदान गरिनेछ ।

(५) वहालवाला निजामती कर्मचारीको तलव बृद्धि भएमा निवृत्तभरणमा वृद्धि हुने रकम अवकाश लिएका कर्मचारीहरुले नियमित रुपमा लिन पाउने छन ।

(६) अवकाश लिने कर्मचारीले पाउने निवृत्तभरण,औषधोपचार र संञ्चित विदाको रकम कर्मचारी संचय कोषमा रहने सम्बन्धित कर्मचारीको खातामा एकमुष्ट जम्मा गरिनेछ । उक्त रकम कर्मचारीले आफ्नो आवश्यकता अनुसार झिक्न सक्नेछन् ।

(७) स्वेच्छिक अवकाश लिएको कर्मचारीले सात वर्षको एकमुष्ट अग्रीम रुपमा प्राप्त गर्ने निवृत्तभरण रकम प्रत्येक बर्षको अलग अलग आम्दानी मानी सोही अनुरुप आयकर प्रयोजनको लागि गणना गरिनेछ ।

(८) खण्ड (१) बमोजिम स्वेच्छिक अवकाशको लागि प्राप्त निवेदनहरु उपर छानविन गरी निवेदन स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार सामान्य प्रशासन मन्त्रालयमा निहित रहनेछ ।

आज्ञाले,
बालानन्द पौडेल
नेपाल सरकारको सचिव

मुद्रणाधिकार, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ३ मात्र लागु हुनेछ।
गो.ह.द.नं. १६।०६२।६३